नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

इलाम

मितिः २०७८/०१/१५

## प्रेस व्यक्तव्य

कोभिड-१९ जिल्ला संकट ब्यवस्थापन समिति (DCCMC) को आज मिति २०७८/०१/१५ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री ध्रुव वहादुर खड्काको अध्यक्षतामा सम्पन्न बैठकले गरेका महत्वपूर्ण निर्णयहरुलाई सार्वजनिक गर्न यो प्रेस व्यक्तव्य जारी गरिएको छ ।

बैठकका निर्णयहरु

निर्णय नं. १

कोभिड-१९ जिल्ला संकट ब्यवस्थापन समितिको मिति २०७८/०१/०९ को बैठकबाट राष्ट्रियस्तरमा तोकिएका परीक्षाहरुबाहेक सबै परिक्षाहरु बैशाख मसान्तसम्म सम्पन्न गरिसक्ने निर्णय भएको भएपनि बिश्वब्यापी रुपमा र हाम्रै जिल्लामा पनि तिब्र रुपमा फैलिई रहेको नयाँ भेरियन्ट सहितको COVID-19 को संक्रमणबाट हाम्रा बालवालिकाहरुलाई प्राथमिकतामा राखी सुरक्षित गर्नुपर्ने नयाँ अबस्था र परिस्थिति उत्पन्न भएकोले अर्को निर्णय नभएसम्मका लागि आजैबाट सबै बिध्यालय तथा शिक्षालयहरुमा पठन पाठन र परिक्षाका लागि भौतिक रुपमा उपस्थित नहुन र नगर्न सबै स्थानीय तहहरु, शिक्षालयहरु, बिध्यालयहरु, शिक्षक अभिभावक सहितका सरोकारवालाहरुलाई अनुरोध गर्ने निर्णय भयो ।

निर्णय नं. २

मिति २०७८/०१/०९ गतेको कोभिड-१९ जिल्ला संकट ब्यस्थापन केन्द्रको निर्णयले इलाम अस्पतालमा अक्सिजन सहित २० बेडको लेभल १ उपचार केन्द्र स्थापना गर्ने निर्णय गरे बमोजिम यथोचित जनशक्ति र आवश्यक उपकरण सहित संचालन योगय अबस्थामा राख्न इलाम अस्पताललाई अनुरोध गरि अनुगमन समेत गर्ने निर्णय भयो ।

निर्णय नं. ३

बिगतमा जिल्ला सदमुकाममा संचालन भएको आइसोलेशन सेन्टर पुर्ववत अबस्थामा सन्चालनमा ल्याउने र स्थानीय तहहरुमा भएका आइसोलेशन सेन्टरहरु पुर्ववत अवस्थामा ल्याउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय भयो ।

निर्णय नं. ४

प्रदेश सरकारबाट इलाम अस्पताललाई अक्सिजन प्लान्ट स्थापना गर्न रकम बिनियोजन भएकोमा सो कोभिड -१९ को कारण रकम निकासा नभई रोकिएकोमा सो अक्सिजन प्लान्ट अविलम्व स्थापना गर्न रकम निकासा गर्न प्रदेश सरकारलाई पुनः अनुरोध गर्ने निर्णय भयो ।

साहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

निर्णय नं. ५

ब्यापार, ब्यबसाय, सार्बजनिक यातायात, सार्वजनिक निकाय, कार्यालयहरुमा जनस्वास्थ्यका मापदण्डहरु कडाईकासाथ कार्यान्यवन गर्ने गराउने र त्यसको अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

पशुपतिनगर सीमा क्षेत्रबाट हुने आवागमनलाई थप ब्यबस्थित गर्दै जाने त्यसका लागि हाल सन्चालनमा रहेको CCCamera को उपयोगको स्थितिको अनुगमन गर्ने ज्वरो नाप्ने मलेरिया तथा RDT Antegen Test र ब्यक्तिहरुको अभिलेखिकरणलाई निरन्तरता दिदै थप प्रभावकारी वनाउने तथा जिल्ला प्रबेशद्रार जोरकलशमा पनि शुरु भईसकेको कामलाई थप प्रभावकारी बनाउदै लैजाने र नियमित अनुगमन गर्ने निर्णय भयो ।

निर्णय नं. ७

CCMC, PCCMC, DCCMC बाट प्रास मापदण्ड तथा कार्ययोजनाहरु र DCCMC का निर्णयहरुको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय भयो ।

निर्णय नं. ८

Contact Tracing Awareness कार्यक्रम सन्चालन Quarantine Isolation का कामलाई प्रभावकारी वनाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय भयो ।

निर्णय नं. ९

मानिसहरु भेला, जम्मा हुने स्थान र कार्यहरु जस्तै बार र तिथिका आधारमा लाग्ने हाटबजार, सभा, सम्मेलन, प्रर्दशनात्मक वा प्रतियोगिताम्क खेलकुद लगायतका कार्यहरु नगर्न नगराउन सबै स्थानीयतहहरु र सरोकारवालाहरुलाई अनुरोध गर्ने निर्णय भयो ।

निर्णय नं. १०

विध्यमान अनुगमन संयन्त्रहरु मार्फत उल्लेखित निर्णयहरु कार्यान्वयन अवस्थाको अनुगमन गर्ने निर्णय भयो ।

.......................................

झरेन्द्र प्रसाद चापागाई

सहायक प्रमुख जिल्ला अधिकारी